# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८३।०३।०८ गते।

# प्रेस विज्ञप्ति

**विषयः प्रतिवादी डिल्लीराम प्रसाईसमेत रहेको नपाएको ओहदा पाएको भनी भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट त्रिभुवन विश्वविद्यालय क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय पूर्वाञ्चल, विराटनगरका तत्कालीन सह-परीक्षा नियन्त्रक हाल डिग्री क्याम्पस विराटनगरमा कार्यरत सहप्राध्यापक डिल्लीराम प्रसाई समेतका प्रतिवादीहरू उपर परीक्षाको परिणाम फेरबदल गरेको, नपाएको ओहदा पाएको र गलत प्रतिवेदन दिई भ्रष्टाचार गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ र दफा १३ बमोजिमको कसुरमा सोही ऐनको दफा १५ र दफा १३ बमोजिम सजाय हुन र सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा मतियारतर्फ सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सजाय हुनसमेत मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८२।१०।२८ को फैसलाबाट आंशिक सफाई दिएकोले उल्लिखित फैसलाउपर चित्त नबुझी मिति २०८३।०३।०८ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने